श्री
सर्वोच्च अदालत

कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या, मिति र खाममा विभाग तथा फाँट उल्लेख गर्नुहोला।

रामशाहपथ, काठमाडौं
☎ ४२००७२८, ४२००७२९, ४२००७५०
फ्याक्स: ४२००७४९
पो.ब.नं.: २०४३८

Email: info@supremecourt.gov.np
admin@supremecourt.gov.np
Web: www.supremecourt.gov.np

पत्र संख्या ०७८/०७९
प्राप्त पत्र संख्या र मिति :
च.नं.: १००४

मिति : २०७८।११।२२

विषय : विवरण उपलब्ध गराइदिने सम्बन्धमा।

श्री उच्च अदालतहरू सबै।
श्री अस्थायी इजलास सबै।
श्री विशेष अदालत।
श्री फैसला कार्यान्वयन निर्देशनालय।
श्री जिल्ला अदालत सबै।

उपरोक्त सम्बन्धमा कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागको च.नं.९५ मिति २०७८।११।१८ को पत्रबमोजिम कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का नियन्त्रण र जफत) ऐन, २०७० को दफा १४ र कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का नियन्त्रण र जफत) नियमावली, २०७७ को नियम १४ मा भएको व्यवस्थाबमोजिम कसूरको अनुसन्धानमा रोक्का राखिएको वा नियन्त्रणमा लिइएको सम्पत्ति वा साधन, दफा १७ बमोजिम अदालतबाट जफत हुने ठहरिएको सम्पत्ति वा साधन, दफा २१ को उपदफा १ मा भएको व्यवस्था र उपदफा २ मा भएको व्यवस्थाबमोजिम तहाँ अदालत र मातहतका उच्च अदालत, विशेष अदालत र जिल्ला अदालतमा रहेका कसूरजन्य सम्पत्ति तथा साधनहरूको अभिलेख, फैसलाको पूर्णपाठको छायाँ प्रति र अन्य तत्सम्वन्धी कागजातहरू उक्त विभागमा उपलब्ध गराइदिनु हुन भनी माग भई आएकोले तहाँ अदालतहरूमा रहेका कसूरजन्य सम्पत्ति तथा साधनहरूको अभिलेख, फैसलाको पूर्णपाठको छायाँ प्रति र अन्य सम्बन्धित कागजातहरू उक्त विभागमा यथाशिघ्र उपलब्ध गराई यस अदालतमा समेत बोधार्थ दिनुहुन मिति २०७८।११।२२ को आदेशानुसार अनुरोध गर्दछु।

द्रष्टव्य: *कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागको इमेल ठेगाना dpmc.2078@gmail.com मा समेत पठाउन सकिने।*

२०७८।११।२२
प्रविणा कटुवाल
शाखा अधिकृत

बोधार्थ:
कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग, सिंहदरबार, काठमाडौं।